ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

# *म गाउँ फर्किन्छु* कवितासङ्ग्रहका कवितामा भावसौन्दर्य

उपप्रा. डा. दीपकप्रसाद न्यौपाने

महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

tu.deepak31@gmail.com

httpas://doil.org/10.3126/gyandeep.v10i2.77327

## लेखसार

दिनेश थपलियाद्वारा रचना गरिएको *म गाउँ फर्किन्छु* कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा व्यञ्जित भावसौन्दर्यको विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रही तयार पारिएको यो लेख गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । यसमा थपलियाका *म गाउँ फर्किन्छु* कवितामा प्राथमिक स्रोतका सामग्रीका रूपमा लिई सूक्ष्म पठन विधिका माध्यमबाट प्राथमिक सामग्रीको अर्थापन गरिएको छ । भावको सैद्धान्तिक पक्षको विश्लेषणका क्रममा यस लेखमा पुस्तकालयीय स्रोतका सामग्रीहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यस सङ्ग्रहका कवितामा जन्मभूमि विषयक प्रणयभाव, देशभक्तिपरक प्रेमभाव, क्रान्तिचेतना, शृङ्गारिक प्रणयभावका साथै मानवीय जीवनसँग सम्बन्धित विविध मनोभावको कलात्मक अभिव्यञ्जना भएको छ भन्ने निष्कर्ष यस लेखबाट प्राप्त भएको छ । यसै गरी विवेच्य कविताहरूमा भावको अभिव्यञ्जनामा उल्लिखित भावको अभिव्यञ्जनामा  हर्ष, मति, चिन्तालगायतका भावहरूहरूले अभिव्यञ्जक एकाइका रूपमा भूमिका खेलेको तथ्यलाई पनि यस लेखमा प्रस्तुत गरिएको छ ।

*शब्दकुञ्जी :* अनुभूति, अभिव्यञ्जना, ध्वनि, भाव, व्यञ्जना

## विषयपरिचय

कवि दिनेश थपलिया (वि.सं.२०२०) को *म गाउँ फर्किन्छु* कवितासङ्ग्रहका कविताहरूमा अभिव्यञ्जित भावसौन्दर्यको विश्लेषण गर्नु प्रस्तुत लेखको मुख्य विषय हो । दिनेश थपलिया नेपाली वाङ्मयका विभिन्न क्षेत्रमा कलम चलाउने बौद्धिक तथा प्राज्ञिक प्रतिभा हुन् । साहित्य सर्जकका रूपमा उनी गीतकार तथा कविका रूपमा प्रसिद्ध छन्। उनको कवित्व विद्यालय तहको अध्ययनसँगै प्रस्फुटित हुँदै क्रमश: पुष्ट र प्रौढ बन्दै गएको देखिन्छ । साहित्यका सबै विधाप्रति उत्तिकै सम्मान रहँदा रहँदै पनि उनी गीत र कवितामा उच्चतम र सहज रूपमा अभिव्यक्त हुन सकेको धारणा राख्दछन् (थपलिया, २०८०, भूमिका) । यसरी १४ / १५ वर्षदेखि नै गीत तथा कविताप्रति समर्पित रहँदै फुटकर कविताहरू प्रकाशन गर्दै आएका थपलिया पुस्तकाकार कृतिकारका रूपमा भने वि. सं. २०८०  देखि मात्र *म गाउँ फर्किन्छु* कवितासङ्ग्रहका माध्यमबाट सार्वजनिक भएका छन् । यस सङ्ग्रहमा वि. सं. २०४० सालदेखि वि. सं. २०६३ सालसम्म रचना गरिएका उनका मुक्त लयका ३३ वटा कविताहरू सङ्गृहीत छन् । यी कविताहरू विधागत मूल्यका दृष्टिले निकै सशक्त रहेका छन् ।

*म गाउँ फर्किन्छु* कवितासङ्ग्रहका कवितामा कविले आफ्नो २० देखि ४३ वर्षको उर्वर जीवनअवधिमा अनुभव गरेका विषयवस्तुलाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् । यी कवितामा तत्कालीन नेपालको समसामयिक गतिविधिको प्रत्यक्ष प्रतिविम्बन भएको देखिन्छ । यस सङ्ग्रहको 'समयको प्रतिविम्ब' शीर्षकको भूमिकामा कविले यी कविताहरूको रचनागर्भका बारेमा सङ्क्षेपमा प्रकाश पारेका छन् । यी कवितामा तत्कालीन नेपालको सामाजिक तथा

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
राजनीतिक अवस्थालाई अभिव्यक्त गरिएको सन्दर्भलाई कविले यसरी सङ्केत गरेका छन् - "किशोर अवस्था देखेको परिवेशीय पृष्ठभूमि र अनुभूतिलाई जतनसाथ सम्झनामा सँगालेर राखेको विषयवस्तु र जीवनको उत्तरार्धतर्फको यात्राको अनुभूतिलाई एकै ठाउँमा सङ्ग्रह गर्दा ध्येय र धरातल एवम् शैली र प्रवृत्तिगत पृथक्ता देखिन गयो कि भन्ने महसुस गरेको छु" (थपलिया, २०८०, भूमिका) । कविको यस कथनले पनि प्रस्तुत कवितासङ्ग्रहका कवितामा समसामयिक नेपाली समाजको कालक्रमिक विकासको चित्रण भएको सङ्केत मिल्दछ । यसो भईकन पनि यस सङ्ग्रहका कवितामा विषयगत विविधता भने रहेकै देखिन्छ । यस अध्ययनमा भने यी कवितामा भावसौन्दर्यको अभिव्यञ्जना केकसरी भएको भन्ने कुरालाई मुख्य समस्याका रूपमा लिई कवितामा व्यञ्जित भावहरूको मात्र विश्लेषण गरिएको छ । विधागत अन्य मूल्यको विश्लेषण हुन नसक्नु यो लेखको सीमा हो ।

## अध्ययनविधि र सैद्धान्तिक पर्याधार

यो लेख गुणात्मक ढाँचामा केन्द्रित भई तयार पारिएको छ । यसमा दिनेश थपलियाको *म गाउँ फर्किन्छु* कवितासङ्ग्रहका कविताहरूलाई प्राथमिक सामग्रीका रूपमा लिई सूक्ष्म पठन विधिका माध्यमबाट कविताहरूमा रहेका भावहरूको अभिव्यञ्जन प्रक्रियाको अध्ययन गरिएको छ । भावहरूको अभिव्यञ्जनाको विश्लेषणका लागि यस लेखमा भरतमुनि, अभिनवगुप्त, आनन्दवर्धन तथा विश्वनाथले चर्चा गरेका भावविधानको सिद्धान्तलाई सैद्धान्तिक मान्यताका रूपमा लिइएको छ ।यहाँ भावविधानको सिद्धान्तका चर्चाका क्रममा र कृतिका विश्लेषणका क्रममा प्राथमिक स्रोतकै सामग्रीहरूको उपयोग गरिएको छ ।

रति, शोक, हाँसो, उत्साहजस्ता स्थायी भाव तथा निर्वेद, आवेग आदि व्यभिचारी भावलाई प्रयोग गर्नु नै भावविधान हो । भावहरू भनेका मनोभाव हुन् । यी हाम्रा मनमा वासनाका रूपमा रहेका हुन्छन् । कला तथा साहित्यका आस्वादनका लागि यी भावहरू जाग्ने गर्दछन् । साहित्यिक रचनामा स्रष्टाले कुनै न कुनै भावको अभिव्यञ्जना गर्ने उद्देश्य राखेको हुन्छ भने पाठकले उक्त कृतिको अध्ययन गर्दा पाठकमा ती भावहरूको विकास हुने गर्दछ । साहित्य भनेको अनुभूति प्रधान वा भावप्रधान विधा हो । साहित्यमा विचारलाई भन्दा भावतत्त्वलाई नै प्रधानता दिइएको हुन्छ । यही तत्त्वले नै साहित्यलाई आस्वाद्य र स्तरीय बनाउने गर्दछ । संस्कृत समालोचनाशास्त्रमा भावका बारेमा सूक्ष्म रूपमा अध्ययन भएको पाइन्छ । सर्वप्रथम भरतले अनेक किसिमका अभिनयका माध्यमबाट सम्बद्ध रसलाई भावन गर्ने वा सामाजिकलाई रसको प्रतीति गराउने तत्त्वलाई भाव मानेर (भरत, २०७२, पृ. २४९) यिनीहरूलाई स्थायीभाव, व्यभिचारीभाव र सात्त्विक भाव गरी तीन भागमा वर्गीकरण गर्दै आठ किसिमका स्थायीभाव, तेत्तीस किसिमका व्यभिचारीभाव र आठ किसिमका सात्त्विक भाव गरी यिनीहरूको सङ्ख्या उनन्पचास पुऱ्याएर यिनीहरूलाई काव्यरसका अभिव्यक्तिका कारण मानेका छन् (२०७२, पृ. २५४) । अभिनवगुप्तले यसलाई चित्तवृत्तिविशेष मानेका छन् (अभिनवगुप्त, २०७२, पृ. २३९) । विश्वनाथले पनि अनेक किसिमका अभिनयद्वारा रसलाई भावित गराउने स्थायी, सञ्चारी र सात्त्विक भावलाई भाव मानेका छन् (सन् २००७, पृ. २२९) । यी विभिन्न सन्दर्भबाट हेर्दा मनमा अनुभूत हुने चित्तवृत्तिहरूलाई नै भाव मानिएको पाइन्छ ।

पूर्वीय साहित्यशास्त्रमा भावध्वनिको समेत सूक्ष्म व्याख्या गरिएको पाइन्छ ।स्थायीभाव रसस्वरूपमा ध्वनित हुँदा रस रसध्वनि भएजस्तै व्यभिचारीभावहरू पनि ध्वन्यात्मक रूपमा व्यञ्जित हुन्छन्, तिनीहरू भावध्वनि मानिन्छन् । भावहरू आफैँ व्यञ्जित भई ध्वन्यात्मक सौन्दर्यको सिर्जना गरेपछि भावध्वनि मानिन्छन्। अभिनवगुप्तले ध्वन्यालोकको लोचनटीकामा कुनै व्यभिचारीभाव जब निष्पन्न अवस्थामा पुगेर अतिशय चमत्कारको प्रयोजक बन्दछ

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
त्यस अवस्थामा भावध्वनि हुन्छ भन्ने चर्चा गरेका छन् (सन् २००९, पृ.१८४) । विश्वनाथ (सन् २००७, पृ.२७०) सञ्चारीभाव प्रधान भएर अभिव्यञ्जित हुँदा, देवता आदिविषयक रतिभावको अभिव्यक्ति हुँदा र स्थायीभाव केवल उद्बुद्ध मात्र हुँदा भावध्वनि हुने मान्यता राख्तछन्। यस तात्पर्यमा जब विभावादि रसोपकरणद्वारा भावहरूको अभिव्यञ्जन हुन्छ, त्यस अवस्थामा तिनीहरू भावध्वनिका रूपमा आस्वाद्य बन्दछन्। जब भावहरू चत्कारपूर्ण भएर व्यञ्जित हुन्छन् त्यस अवस्थामा तिनीहरू ध्वनिका तहमा रहन्छन् भने ध्वन्यात्मक परिणति नहुँदा चाहिँ भावकै अवस्थामा मात्र रहेका देखिने निष्कर्षमा पुग्नुपर्ने हुन्छ । भावध्वनिहरू रसध्वनिजस्तै विभावादि उपकरणका माध्यमबाट व्यङ्ग्यात्मक रूपमा अभिव्यञ्जित हुने गर्दछन्। रसको अभिव्यञ्जनमा जस्तै भावध्वनि व्यङ्ग्य हुनका लागि उपयुक्त भाषिक सामग्री र साधारणीकरण प्रक्रियाको समेत भूमिका रहने गर्दछ । भावध्वनिका चर्चा गर्दा यिनीहरूका भेदप्रभेदका बारेमा समेत विश्लेषण गरिएको पाइन्छ । संस्कृत काव्यशास्त्रमा कुन भाव कसरी अभिव्यक्त भएको छ भन्ने आधारमा भावध्वनिको चर्चा भएको पाइन्छ । विश्वनाथ पनि यसै सन्दर्भबाट भावध्वनिलाई परिभाषित गर्दै प्रधान रूपमा व्यभिचारीभाव ध्वनित भएमा वा देवादिविषयक रतिभावको अभिव्यञ्जन भएमा अथवा स्थायीभावको उद्भवजन्य सौन्दर्यको अनुभूति भएमा भावध्वनि हुन्छ भन्ने दृष्टिकोण राख्तछन्(सन् २००७, पृ.२७०) ।

महादेव अवस्थीले काव्यमा कथ्य सामग्री वा विषयवस्तुका माध्यमबाट व्यक्त गर्न खोजिएको सारभूत कुरालाई केन्द्रीय कथ्य वा सारवस्तु/सन्देश र त्यसको कलात्मक विन्यासलाई चाहिँ भावविधान भनेका छन् (२०६४, पृ. ५१) । कवितामा केन्द्रीय कथ्य कुनै खास भाव वा विचार नै हुने गर्दछ । अवस्थीकाअनुसार त्यो भावविधान विषयवस्तुगत आलम्बन-उद्दीपनका साथै अनेक सञ्चारिभाव र खास-खास स्थायी भावको अङ्गरसता अनि कुनै एक रसको केन्द्रीयता वा अङ्गीत्वको परिणति पनि हुने गर्छ । त्रिपाठी र अन्यले पनि जीवन जगत्को समग्र विषयवस्तु र मानवचेतनाका यावत अनुभवपुञ्जलाई कविताका माध्यमबाट प्रकटीकरण गर्नु नै कविताको विचार वा मुख्य भाव हो (२०६५, पृ. २०) भन्ने धारणा राखेका छन् । यसरी हेर्दा काव्यले व्यक्त गर्न खोजेको मूल कथ्यले विचारको र मनोभावहरूले भावको काम गरेको स्पष्ट हुन्छ । यस तात्पर्यमा विचार मस्तिष्कसँग र भाव मनसँग सम्बन्धित हुने गर्दछ । काव्यले मस्तिष्कलाई भन्दा बढी मन वा भावनालाई उद्वेलित बनाउने हुँदा विचारको भन्दा काव्यमा भावविधानको बढी महत्त्व हुने देखिन्छ । काव्यमा विचारलाई यही कारणले भावको अधीनस्थ बनाइन्छ ।

## परिणाम र विमर्श

*म गाउँ फर्किन्छु* कवितासङ्ग्रहका कवितामा विविध विषयवस्तुका माध्यमबाट भावहरूको अभिव्यञ्जना भएको पाइन्छ । यहाँ यस सङ्ग्रहका कवितामा प्रयुक्त विषयवस्तु तथा भावसौन्दर्यलाई निम्नअनुसार विश्लेषण गरिएको छ :

### मातृभूमिप्रतिको प्रणयभाव

*म गाउँ फर्किन्छु* कवितासङ्ग्रहका 'मेरो प्यारो सङ्खुवासभा', 'म गाउँ फर्किन्छु', 'खाँदबारी' तथा 'गाउँघरलाई सम्झिँदा' कवितामा जन्मभूमिप्रतिको श्रद्धा, आस्था र समर्पणलाई प्रस्तुत गरी जन्मभूमिप्रतिको प्रेम भावलाई अभिव्यक्त गरिएको छ । कवि सङ्खुवासभा जिल्लाको खाँदबारीमा जन्मिई त्यहीँ बाल्यकाल बिताएर काठमाडौँ आई बसेका हुनाले यी कवितामा उनको जन्मस्थलप्रतिको आस्था र प्रेम सशक्त रूपमा व्यक्त भएको पाइन्छ । यस किसिमका भावलाई अभिव्यक्त गर्दा कविले आफ्नो जन्मभूमिका प्राकृतिक, धार्मिक, भौगोलिक तथा सांस्कृतिक

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
पक्षहरूलाई जीवन्त रूपमा उतार्ने काम गरेका छन् । आफ्नो जन्मभूमि सङ्खुवासभाको चित्रणमा केन्द्रित 'मेरो प्यारो सङ्खुवासभा' त्यहाँको प्राकृतिक, पौराणिक एवं सांस्कृतिक पक्षलाई कविले यसरी चित्रण गरेका छन् :

शिवधारामा नुहाएर
वरुण दोभानको पवित्र जलले अभिषेक गर्छ
पुराण प्रसिद्ध सांस्कृतिक धरोहर
सभापोखरीमा डुबुल्की मार्दै
मनकामना सिद्धकाली र बालेश्वरको दर्शन गरेर
विश्वविख्यात मकालु उपत्यकाको पैदल यात्रा गर्छ
अल्लो र खाडीको पहिरनमा रुद्राक्षको माला लगाएर
पोपटिला भन्ज्याङबाट भोटसँग सम्बन्ध गाँस्छ। (थपलिया, २०८०, पृ. २)

यहाँ सङ्खुवासभाको धार्मिक, पर्यटकीय, सांस्कृतिक, प्राकृतिक एवम् पौराणिक महत्त्वको महिमागानलाई व्यक्त गर्ने सन्दर्भमा सङ्खुवासभाको समग्र स्वरूपलाई वृत्तचित्रात्मक रूपमा व्यक्त गरिएको छ । कवितामा सङ्खुवासभाको प्राकृतिक सौन्दर्यलाई पनि उत्तिकै सशक्तताका साथ प्रस्तुत गरिएको पाइन्छ । कविताले समग्रतामा कविको जन्मभूमिप्रतिको आस्था तथा भक्तिभावसँग अनुभूतिलाई व्यक्त गरेको देखिन्छ । यस कवितामा मूलतः कविका राष्ट्रभक्ति वा देशप्रेमसँग सम्बन्धित प्रणयभावको व्यञ्जना भएको पाइन्छ ।यस किसिमको मातृभूमिप्रतिको प्रणयभावका अभिव्यञ्जनाका लागि कविताका गर्व, हर्ष, उत्साह, स्मृतिजस्ता भावहरूचाहिँ अभिव्यञ्जक व्यभिचारी भावका रूपमा रहेका छन् ।उदाहरणका लागि गर्व भावको व्यञ्जना भएको कवितांशलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

आफ्नै पहिचान
आफ्नै परिवेश
दिनप्रतिदिन आकर्षक बन्न थालेको छ
सङ्खुवासभा
दिन प्रतिदिन उज्यालो छर्न थालेको छ
सङ्खुवासभा
वाह ! मेरो प्यारो सङ्खुवासभा ।(थपलिया, २०८०, पृ. २)

'म गाउँ फर्किन्छु' यस सङ्ग्रहभित्रको जन्मभूमिप्रतिको प्रेमभावलाई हार्दिकताका साथ प्रकट गरिएको कविता हो । सिङ्गो कवितासङ्ग्रहकै शीर्ष कविताका रूपमा रहेको आएको यस कवितामा सुविधाका खोजीका लागि सहर पसे पनि सहरको यान्त्रिकताबाट विरक्त भएर आफ्नै जन्मभूमि फर्कन चाहने कविको अभिव्यक्तिलाई प्रस्तुत गरिएको छ ।  कवितामा सहरभित्रको कोलाहललाई मसिनो गरी केलाइएको छ । कवि सहरमा जताततै आतङ्क, वेदना र सन्त्रास देख्छन् । रहरले सहर पसे पनि हरपल कहरमा बाँच्नु परेकामा कवि निरास बनेका छन्  । सहरमा पहिचान गुमाएर स्वाभिमान, अस्तित्व र आत्मविश्वास गुमाएर लुटपाट, हत्या, हिंसा, बलात्कार, झुट, प्रपञ्च, पाखण्ड, आडम्बर, धाक, धम्की तथा व्यभिचारले भरिपूर्ण भएको सहरमा कवि जडाउरी आयु बाँचिरहेको अनुभव गरिरहेका छन् । त्यसैले इमानजमान हराउँदै गएको, रोग, भोग र शोकले ग्रस्त रहेको बेइमान सहरमा नबस्ने र गाउँ फर्किने चाहना कवितामा प्रस्तुत भएको देखिन्छ ।वि. सं. २०६० सालमा रचना गरिएको यस कवितामा सहर र गाउँको परिवेशलाई

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
चित्रण गर्दै सहरलाई यान्त्रिक पर्यावरण भएको भूगोलका रूपमा र गाउँलाई आत्मीय एवं हार्दिकता भएको आस्थाको केन्द्रका रूपमा चिनाउन खोजिएको छ । कवितामा विशेष गरी सहरप्रतिको निन्दाभावलाई र जन्मभूमि गाउँप्रतिको प्रेमभावलाई प्रस्तुत गरिएको पाइन्छ ।यस कवितामा जन्मभूमिप्रतिको प्रणयभावका अभिव्यञ्जनाका लागि निर्वेद, ग्लानि, चिन्ताजस्ता भावहरू व्यञ्जक व्यभिचारी भावका रूपमा आएका छन् ।

वि. सं.२०६० सालमा नै रचना गरिएको 'खाँदबारी' शीर्षकको कवितामा पनि जन्मभूमिप्रतिको प्रेमसँग सम्बन्धित प्रणयभावको अभिव्यक्ति भएको छ । यस कवितामा कविले खाँदबारीको भौगोलिक विकटताको चित्रण गरीकन पनि जन्मभूमि खाँदबारीप्रतिको आस्थाभावलाई सशक्त रूपमा प्रस्तुत गरेका छन् । कवि खाँदबारीलाई श्रमजीवी तथा देशभक्त विपन्न गरिब जनताहरूले पसिनाले हराभरा बनाएको भूगोलका रूपमा चिनाएका छन् । श्रमिक, मजदुर तथा ज्यामीहरूले श्रम गरेर बनाएको खाँदबारीको महिमालाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

टोपीले निधारको पसिना पुसेर
खुइय्य सुस्केरा हाल्दै
खुसीको भारी बोकेर उकालो चढिरहेका
हाम्रा पुरुषार्थी पुर्खाका स्वाभिमानी सन्तानको
पौरख हो खाँदबारी । (थपलिया, २०८०, पृ. ११५)

कवितामा यातायातको कठिनाइका कारण विकट भूगोलका रूपमा देखापरेको खाँदबारीलाई कर्तव्यनिष्ठ धर्तीपुत्रहरूको गौरवका रूपमा चिनाइएको छ । कविले मूलतः खाँदबारीलाई त्यहाँका बासिन्दाको जन्मभूमि एवम् आस्थाको केन्द्रका रूपमा चिनाई मातृभूमिप्रतिको प्रणयभावलाई प्रस्तुत गरेका छन् । यस कवितामा पनि खाँदबारी विषयक कविनिष्ट देशभक्ति भावको परिपाकका लागि गर्व, श्रम, उत्साहजस्ता भावहरू व्यञ्जक बनेर आएका छन् । यहाँ खाँदबारीको गौरवगानका सन्दर्भमा गर्व भावको, त्यहाँका श्रमजीवीहरूले परिश्रमपूर्वक खाँदबारीलाई समृद्ध बनाएका कथ्यका सन्दर्भमा श्रम भावको तथा खाँदबारीको विकासमा समर्पित हुने कविको चाहनाका अभिव्यक्तिमा उत्साह भावको व्यञ्जना भएको पाइन्छ । दृष्टान्तका लागि उत्साह भावको व्यञ्जना भएको निम्नअनुसारको कवितांशलाई उद्धृत गरिएको छ :

एक ब्याड सिर्जनाका ब्याडहरू रोप्न
एक हल खुसीका सपनाहरू जोत्न
एक आँगन विश्वासका भुइँहरू पोत्न
र, एक टुक्रा आफ्नै आस्थाको आकाश ओढ्न
हरदम लालायित
...................
कर्तव्यनिष्ठ धर्तीपुत्रहरूको
गौरव हो खाँदबारी । (थपलिया, २०८०, पृ. ११६)

२०६१ सालमा रचना गरिएको 'गाउँघरलाई सम्झिँदा' कविता पनि जन्मभूमिप्रतिको प्रणयभावको प्रस्तुतिमा नै केन्द्रित छ । यस कवितामा अतीतमोह, जन्मभूमिप्रतिको आस्था, बाल्यकालको स्मृति, ग्रामीण स्वच्छन्द पहाडी जीवनप्रतिको अनुराग, सहज प्राकृतिक ग्रामीण जनजीवनप्रतिको आकर्षणलाई स्वच्छन्द रूपमा चित्रण गर्दै त्यहीँ पुगेर रम्न खोज्ने कविको अनुभूतिलाई प्रस्तुत गरिएको छ । कवितामा ग्रामीण जीवनका सरलता, निश्चलता र पवित्रतालाई

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

हार्दिकताका साथ अभिव्यक्त गर्दै कविले प्रस्तुत कवितामा आफूले माटोको मर्म नबुझेको तथा मातृभूमिको अर्थ खोज्न नसकी जन्मभूमिमा रम्न नपाएको पीडाबोधलाई पनि प्रस्तुत गरेका छन् । कवितामा गाउँको प्राकृतिक पर्यावरण, सरल सहज किसानी ग्रामीण जीवन तथा त्यस पर्यावरणमा आफूले बिताएको बाल्यकालको संस्मरण समेत कविले एकसाथ गरेका छन् । कवि जन्मभूमिको अगाध सम्झनामा हराउँदै आफ्नो गाउँको प्रेरणाले सफलताको मकालु चुम्न खोजिरहेका छन् । त्यसैले कवि जन्मभूमिको प्रेमलाई कवितामा यसरी व्यक्त गरिरहेका देखिन्छन् :

जुनीजुनीसम्म पनि त्यही गाउँमा जन्मिन्छु
त्यही माटोमा हुर्किन्छु
त्यही आकाशमा फैलिन्छु
त्यही क्षितजमा झुल्किन्छु।
त्यही धर्तीमा बिलाउँछु। (थपलिया, २०८०, पृ. १२७)

यसरी प्रस्तुत कवितामा कविले गाउँघरसँगको आफ्नो वियोगवेदनालाई प्रस्तुत गर्दै जुनी जुनीसम्म सोही गाउँमा जन्मन, हुर्कन र रमाउन चाहने कथ्यका माध्यमबाट जन्मभूमिप्रतिको हार्दिक प्रणयभावलाई प्रस्तुत गरेको देखिन्छ ।यस किसिमको प्रणयभावको अभिव्यञ्जनमा निर्वेद, स्मृति जस्ता भावहरूले अभिव्यञ्जक व्यभिचारी भावको काम गरेका छन् । उदाहरणका लागि आफ्नो गाउँका लागि केही गर्न नसकेकामा दुःख लागेको आत्मनिन्दासँग सम्बन्धित निर्वेद भावको अभिव्यक्ति यस कवितामा निम्नअनुसार भएको देखिन्छ :

सम्झनाको खिल चस्किरहन्छ मेरो मुटुमा
सायद मैले माटोको मर्म बुझिनँ
मैले मातृभूमिको अर्थ खोजिनँ (थपलिया, २०८०, पृ. १२४)

यसरी दिनेश थपलियाको *म गाउँ फर्किन्छु* कवितासङ्ग्रहका 'मेरो प्यारो सङ्खुवासभा', 'म गाउँ फर्किन्छु', 'खाँदबारी' तथा 'गाउँघरलाई सम्झिँदा' यी चारवटा कवितामा जन्मभूमिविषयक कविनिष्ठ रति वा प्रणयभावको अभिव्यञ्जना वाच्य अर्थका रूपमा भन्दा बढी व्यञ्जनागम्य अर्थका रूपमा भएको पाइन्छ । जन्मभूमिको स्मरण, वर्णन तथा त्यसको गौरवगान यी कविताका विवेच्य विषय बनेका छन् भने जन्मभूमिप्रतिको कविनिष्ठ रतिभावचाहिँ यहाँ उत्कृष्ट भावसौन्दर्यका रूपमा ध्वनित भएको छ । यसरी हेर्दा यस कवितासङ्ग्रहको शीर्षक र कविले यहाँ प्रस्तुत गर्न खोजेको राष्ट्रप्रेमका आधारमा राष्ट्रप्रेमसँगसम्बन्धित भावसौन्दर्यको अभिव्यञ्जना नै यस कृतिको विशिष्ट साध्यका रूपमा देखापर्दछ ।

**समसामयिक राजनीतिक स्थितिप्रतिको समीक्षण र क्रान्तिचेतना**

दिनेश थपलियाको *म गाउँ फर्किन्छु* कवितासङ्ग्रहको अर्को विवेच्य विषय हो समसामयिक राजनीतिक स्थितिप्रतिको समीक्षा । यस सङ्ग्रहका कविताले नेपालको निरङ्कुश पञ्चायती व्यवस्था, राजतन्त्रात्मक बहुदलीय व्यवस्था र लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको समीक्षण गरेको देखिन्छ । कवितामा पञ्चायती व्यवस्थाका विरुद्धमा उठेका आवाज र जनआन्दोलनका साथै बहुदलीय व्यवस्था र राजतन्त्रका विकृतिहरूलाई पनि प्रस्तुत गरिएको पाइन्छ । व्यवस्था परिवर्तनका लागि क्रान्तिको आह्वान गरिए पनि अपेक्षित परिवर्तन हुन नसक्ता मुलुकमा विकसित भएको जडतालाई पनि यस सङ्ग्रहका कविताले विषय बनाएका छन् । राजनीतिक आशा र निराशाका मझधारबाट गतिशील रहेको नेपालको सामयिक सन्दर्भको समीक्षा यस सङ्ग्रहका धेरै कवितामा भएको पाइन्छ । यस सङ्ग्रहका 'शुभकामना नयाँ वर्षको', 'उन्मुक्तिको खोजी', 'वर्तमानसँग', 'यात्रा र गन्तव्य', 'बन्द कोठाभित्र', 'गाउँको

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
यथार्थ', 'बदली रातपछि', 'हामी आइरहेछौँ', 'साथीलाई चिठी', 'हतियार बोकेको मान्छे', 'क्यालेन्डर', 'मैले श्रीलङ्का देखेँ', 'बुढो घर' र 'अँध्यारो रातको अवसान' १४ वटा कवितामा राजनीतिक चेतनासँग सम्बन्धित विषयको अभिव्यक्ति रहेको पाइन्छ ।यी कविताले पनि अन्ततः कविको देशप्रेमसम्बन्धी भावलाई नै व्यञ्जित गरेको पाइन्छ ।

वि. सं. २०४० सालमा रचना गरिएको यस सङ्ग्रहको 'शुभकामना नयाँ वर्षको' समसामयिक परिस्थितिको विश्लेषणमा केन्द्रित कविता हो। यसमा गरिबी, विपन्नता, शोषण, दमन, अन्याय, अत्याचारजस्ता कारणले गर्दा वर्ष फेरिए पनि अमनचैन नभएको निराशावादी स्वरलाई प्रस्तुत गरिएको छ । वर्ष फेरियो, आकाङ्क्षा फेरिए तर परिस्थिति उही रहेको अभिव्यक्ति कवितामा यसरी प्रस्तुत भएको छ :

हेर्ने रहर थियो
अलिकति सडक बनेको, पुल हालेको
बाँध बाँधेको, आबाद गरेको
धानको बाला झुलेको, सयपत्री फुलेको
बिजुली बलेको, गाँस पाएको
सुरक्षा बढेको, बास पाएको
तर सालैभरि
बाढी पहिरोले खण्डहर भएका बस्तीका कथाहरू सुनियो ।(थपलिया, २०८०, पृ. ६)

यस कविताले समय गतिशील रूपमै प्रवाहित भए पनि देशले काँचुली फेर्न नसकेकामा चिन्ता प्रकट गर्दै यसको मूल कारणका रूपमा तत्कालीन राजनीतिक व्यवस्था रहेको सङ्केत गरेको छ भने कविताका अन्त्यमा नयाँ युगको निर्माणका लागि क्रान्ति अपरिहार्य रहेको विचार व्यक्त गरिएको छ ।यहाँ मूलतः क्रान्तिचेतनासँग सम्बन्धित भावसौन्दर्यको अभिव्यञ्जना प्रमुख रूपमा भएको छ भने व्यञ्जक भावका रूपमा चाहिँ चिन्ता भावको अभिव्यञ्जना यसरी भएको छः

गरिबको घरमा चुल्हो नबलेको पीडा
धारा र पँधेरामा पानी र जर्किनको मौन जुलुस
गरी खानेहरूको खोसिएको भरोसा
ठगी खानेहरूको चम्किएको भाग्य
हाम्रा रहरहरू शीतको थोपाझैँ क्षणिक भए
हत्या, आतङ्क र मृत्युले अभिनन्दन चढायो।
ओठमा मुस्कानका रेखीहरू हराए
आँखाबाट आँसुका नदीहरू बगे । (थपलिया, २०८०, पृ. ५)

'उन्मुक्तिको खोजी' क्रान्तिचेतको तीव्रता रहेको कविता हो । वि. सं.२०४४ सालमा रचना गरिएको यस कवितामा युगीन चेतनाको प्रतिविम्बन सशक्त रूपमा भएको छ। यस कविताले परिवर्तनका लागि छटपटाहट बढिरहेको सन्दर्भलाई उठाएर परिवर्तनलाई कसैले रोक्न नसक्ने विचार अभिव्यक्त गरेको छ । कवितामा निर्वासित हुँदा पनि विचार थुनिन नसक्ने र प्रतिरोधका लागि सदैव तत्पर रहने विचारको अभिव्यक्तिका साथ स्वतन्त्रता तथा उन्मुक्तिका लागि आफू क्रियाशील रहेको आशयलाई प्रस्तुत गरिएको छ।यस कवितामा पनि कविनिष्ठ क्रान्तिचेतनाजन्य सौन्दर्य नै मुख्य भावका रूपमा ध्वनित भएको छ भने यस किसिमका भावका अभिव्यञ्जनाका

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

लागि उत्साहलगायतका भावहरूचाहिँ व्यञ्जक भावका रूपमा आएका सन्दर्भलाई उत्साह भावको व्यञ्जनासँगसम्बन्धित निम्न कवितांशका माध्यमबाट स्पष्ट पार्न सकिन्छः

म आवाज खोजिरहेछु
मलाई जनताको आदिम मौनता तोड्न घरघरमा डुल्नु छ
म स्वतन्त्रता खोजिरहेछु
मलाई मानिस हुनुको अर्थ साबित गर्नु छ
म उन्मुक्ति खोजिरहेछु
मलाई म हुनुको औचित्य स्थापित गर्नु छ । (थपलिया, २०८०, पृ. १९)

वि.सं. २०४५ सालमा रचना गरिएको 'वर्तमानसँग' कवितामा पनि युगीन राजनीतिक यथार्थताका पृष्ठभूमिमा परिवर्तनका स्वरलाई प्रस्तुत गरिएको छ ।विगतमा भोक, अभाव, पीडाको आतङ्कले खुसीको बाँध ढल्नाका साथै अँध्याराको साम्राज्य र अन्यायको रामराज्य विस्तार भएका कारण जतातत‌ै हत्या, हिंसा र आतङ्कले मुलुक आक्रान्त भएजस्तै वर्तमानमा पनि विगतको पुनरावृत्ति भइरहेको कथ्यलाई यस कवितामा यसरी प्रस्तुत गरिएको छ :

छातीमा मकल बालेर
ओठमा शीतलता खोज्दै छ मान्छे
मुटुभित्र ज्वालामुखी पालेर
हृदयमा शान्तिको कामना गर्दै छ मान्छे । (थपलिया, २०८०, पृ. २१)

वर्तमानमा शोषण, अन्याय तथा अत्याचारकै कारण मान्छे निरीह भएर बाँचिरहेको हुनाले यसलाई तोड्न क्रान्ति नै गर्नुपर्ने र नयाँ युगको निर्माणमा मोर्चा कसेर सबैले जुट्नुपर्छ भन्ने विचार यस कवितामा व्यक्त भएको छ ।यस कवितामा पनि सामाजिक रूपान्तरणसँग सम्बन्धित क्रान्तिचेतना प्रमुख भावका रूपमा ध्वनित भएको छ । यस किसिमका भावका व्यञ्जनामा कवितामा जडता लगायतका भावहरू व्यञ्जक भावका रूपमा आएका छन् । यस कवितामा प्रयुक्त निश्चेष्टा वा जडता भावको व्यञ्जना माथिको उद्धृतांशमा स्पष्ट रूपमा देखिन्छ ।

वि. सं. २०४५ सालमै रचना गरिएको 'यात्रा र गन्तव्य' पनि समकालीन जडताविरुद्ध क्रान्ति गर्नुपर्ने विचारसँग सम्बन्धित कविता हो। यसमा क्रान्तिकारी आशावादी स्वर सशक्त रूपमा घनीभूत भएको छ । निरङ्कुशताका अवरोधहरूले क्रान्तिलाई तुहाउन खोजिरहेका बेला उत्साहका साथ क्रान्तिमा सहभागी भई देश परिवर्तन गर्नुपर्ने भावभूमि यस कवितामा व्यक्त भएको छ । यस कवितामा वर्तमानमा बढिरहेको शोषण, दमन, अन्याय, अत्याचार, विभेद, हत्या, हिंसा, बलात्कारलाई चित्रण गर्दै त्यस विरुद्ध क्रान्ति गर्न आवाज उठाइएको छ । नागरिकले स्कुल जान नपाएको, पेटभरि खान नपाएको, पोत नपाएर शोषित भएको, ओत नपाएर भौँतारिनु परेको, देशमा गरिबी बढेको, युवाहरू परदेशमा हराउन बाध्य हुनुपरेको, स्वतन्त्रताका आवरणभित्र निरङ्कुशता पन्पिरहेकोजस्ता कथनका माध्यमबाट देशको वर्तमान अवस्थालाई प्रस्तुत गरी गन्तव्य प्राप्तिपछि मात्र आनन्द हुने भएकाले गन्तव्यको खोजीमा निस्किएका यात्रीहरूले क्रान्तिलाई डटेरै अगाडि बढाउनुपर्ने विचार प्रस्तुत कवितामा यसरी व्यक्त भएको छ :

पहाडमा ठोकिँदैमा हावाको वेग घट्नुहुन्न
आधार शिविरबाट उकालो नलागी
हाम्रा पाइला पछि हट्नुहुन्न
यात्रा अझै जारी छ शिखर नटेकी थाक्नुहुन्न । (थपलिया, २०८०, पृ. २६)

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

यस कवितामा उक्त क्रान्ति चेतनालाई अभिव्यञ्जन गर्न मति व्यभिचारी भाव व्यञ्जक एकाइका रूपमा रहेको छ । यस कवितामा कविले जीवन यात्रासँग सम्बन्धित विषयवस्तुलाई उदात्त दृष्टिकोणसहित प्रस्तुत गरेका छन्। गन्तव्यलाई पूरा गर्न मान्छेले सङ्घर्षशील भएर यात्रा गर्नुपर्ने विचारको अभिव्यक्ति यस कवितामा भएको छ । यही विचारलाई प्रस्तुत गर्ने सन्दर्भमा कवितामा मतिभावको अभिव्यञ्जना निम्नअनुसार भएको पाइन्छः

यात्रामा निस्किएपछि
बिच बाटोबाट फर्कँदैनन् यात्रीहरू
यात्रामा बाटो बनेर लम्बिनुपर्छ।
.........................
चट्याङ परोस् वा असिना झरोस्।
अविचलित पाइलाहरू रोकिनु हुन्न ।(थपलिया, २०८०, पृ. २६)

वि. सं. २०४६ सालको परिवर्तनको पूर्वसन्ध्यामा लेखिएको ‘बन्द कोठाभित्र’ कविता निरङ्कुश पञ्चायती व्यवस्थाका कारण देशबन्दी भएको कथ्यसँग सम्बन्धित छ। कवितामा पञ्चायती व्यवस्थाका विकृतिका बारेमा टिप्पणी गरिएको पाइन्छ । बन्द कोठाभित्र मन निर्वासित भएपछि मान्छे निश्चेष्ट बन्ने विचारलाई यस कविताले व्यक्त गरेको छ। कवितामा देशलाई बन्द कोठाका विम्बमा प्रस्तुत गरी देशको वर्तमान अवस्थालाई चित्रण गरिएको छ । प्रस्तुत कविताले मूलतः देशमा विकसित अन्याय र अत्याचारलाई मूल कथ्य बनाएको छ। यस किसिमको अन्यायअत्याचारबाट पिल्सिएर नागरिकहरू समेत निरीह र निष्क्रिय भएर बाँचिरहेको सन्दर्भलाई यस कवितामा चित्रण गरिएको पाइन्छ ।समकालीन राजनीतिक स्थितिप्रति व्यङ्ग्य गरिएको यस कवितामा स्वतन्त्रता प्राप्तिका लागि आफू क्रियाशील हुन नसकेकामा अथवा निरङ्कुशताको प्रतिकार गर्न नसकेकामा एकातिर यसरी चिन्ता भावलाई प्रस्तुत गरिएको पाइन्छः

आफूभित्रको अस्तित्वलाई सम्मान गर्न नसकेर
आफैँसँग पराजित भएँ कि ?
आफूभित्रको आफैँलाई सुरक्षित गर्न नजानेर
आफ्नै लाचारीमा फसेँ कि ?
यो बन्द कोठाको परिवेश
जीवनको पर्याय भएर उभिन खोज्छ
जीवनको क्रम भएर गाँसिन खोज्छ। (थपलिया, २०८०, पृ. ३७)

यस कवितामा पनि क्रान्तिचेतना नै मूल भावका रूपमा ध्वनित भएको देखिन्छ भने उल्लिखित चिन्ता भावलेचाहिँ यहाँ व्यञ्जक एकाइका रूपमा भूमिका खेलेका छन् ।

वि. सं. २०४६ सालमै रचना गरिएको ‘गाउँको यथार्थ’ सांस्कृतिक विखण्डनप्रतिको चिन्ता प्रकट गरिएको कविता हो । यस कवितामा वर्तमानमा गाउँको अवस्था अत्यन्तै त्रासद रहेको सन्दर्भलाई बिम्बात्मक रूपमा निम्नअनुसार प्रस्तुत गरिएको छ :

देखिँदैन कतै प्रकृतिको गुलाफी सौन्दर्य
विरह पोख्छन् चराहरू
आँसु बोक्छन् छहराहरू

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

रोएर बग्छन् नदीहरू
ओइलिएर झर्छन् फूलहरू । (थपलिया, २०८०, पृ. ३९)

प्रस्तुत कविताले पनि राजनीतिक निरङ्कुशताकै कारण गाउँ अहिले रोग, भोक र शोकले आक्रान्त भएको विचारलाई प्रस्तुत गरी क्रान्तिको अपरिहार्यतालाई प्रस्तुत गरेको पाइन्छ ।यस किसिमको मूल भावका व्यञ्जनाका लागि कवितामा स्मृति लगायतका भावहरूको अभिव्यञ्जन भएको पाइन्छ । उदाहरणका लागि स्मृति भावलाई व्यञ्जना गर्ने निम्न कवितांशलाई यहाँ उद्धृत गरिएको छः

फूलैफूलको धरतीमा नाँच्ने कल्पनाहरू
प्राकृतिक सौन्दर्य पान गरेर पूरा हुन्थ्यो
आँखाको नानीमा बादल लागेन कहिल्यै
निराश उत्पीडन र जलनले छोएन कहिले
थुम्कोमा बसेर सूर्योदय र सूर्यास्त हेरिन्थ्यो
स्वप्निल स्मृतिमा रमाएको आनन्द बिर्सिएन कहिले । (थपलिया, २०८०, पृ. ३९)

वि. सं. २०४७ सालमा रचना गरिएको ‘बदली रातपछि’ २०४६ सालपछिको राजनीतिक परिवर्तनको हर्षोद्‌गार र आशावादी भावनालाई अभिव्यक्त गरी हर्ष भावलाई मुख्यतः व्यञ्जना गरिएको कविता हो। २०४६ सालको क्रान्तिले व्यवस्था परिवर्तन भएका पृष्ठभूमिमा अब सोचबुझका साथ अघि बढ्नुपर्ने आदर्शवादी विचारलाई यस कवितामा प्रस्तुत गरिएको पाइन्छ :

यथास्थितिको मियो समातेर हैन
परिवर्तनको दियो बालेर हिँड्नुपर्छ
भावनामा डुबेर हैन
सम्भावना खोजेर भिड्नुपर्दछ।
सिद्धान्त र दर्शनको रटान लगाएर हैन
परिश्रम र पौरखमा रमाएर संसार बदल्नुपर्छ। (थपलिया, २०८०, पृ. ४४)

भखरै राजनीतिक व्यवस्था परिवर्तन भएपनि समाज परिवर्तन भइनसकेकाले सीताहरू भेट्टाउनुपर्ने, बुद्धहरू जन्माउनुपर्ने, कर्णहरू हुर्काउनुपर्ने अभिभारा हामीसँग रहेको सन्दर्भलाई प्रस्तुत गरी त्यसपछि मात्र देश शान्त र समृद्ध हुने मूल विचार यस कवितामा अभिव्यक्त भएको छ।

वि. सं. २०४७ साल वैशाखमा रचना गरिएको ‘हामी आइरहेछौँ’ पनि २०४६ सालपछिको राजनीतिक परिवर्तन पछिकै आशावादी स्वरलाई अभिव्यक्त गरिएको कविता हो। यसमा मूलतः प्रजातान्त्रिक व्यवस्थाका आदर्शहरूलाई प्रस्तुत गरिएको छ । कवितामा मूलतः हर्ष भावको अभिव्यञ्जना रहेको छ । कवितामा स्वतन्त्रता प्राप्तिपछिको हर्षोल्लासलाई यसरी व्यक्त गरिएको छ :

तोडिएको छ निरङ्कुशताको अवरोध
अन्याय र असमानताको पर्खाल भत्काएर
भाँचिएका छन् कुसंस्कारका तगारा
खुलेका छन् प्रजातन्त्रका ढोका
क्षितिज उज्यालिएको छ । (थपलिया, २०८०, पृ. ४७)

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

वि. सं. २०५३ सालमा रचना गरिएको 'साथीलाई चिठी' पञ्चायती राजनीतिक व्यवस्था परिवर्तन भइसकेपछि परिवर्तनलाई संस्थागत गर्न नसक्दा र सोचे अनुरूप राष्ट्रलाई गति दिन नसक्दा विकसित भएको निराशा बोधको अभिव्यक्तिसँग सम्बन्धित कविता हो । सम्बोधनात्मक ढाँचामा लेखिएको यस कवितामा बहुदलीय व्यवस्थाका विसङ्गतिहरूलाई खोतलिएको छ । कवितामा सीमा तथा नदीनाला अपहरण भएका प्रसङ्ग आएका छन्; राजनीतिका नाममा जातीय विखण्डन हुन थालेका सन्दर्भहरू उठेका छन् र सिद्धान्त तथा वादका कुरा जपेर आफूलाई सिद्ध गर्न खोज्नेहरूबाटै देश परेको सन्दर्भहरू आएका छन् । यस किसिमको निराशा विद्यमान रहँदा रहँदै पनि कवि हामीले सङ्कल्प गरेर सत्कर्म गर्दै गए राष्ट्र समृद्ध हुने विचार व्यक्त गर्दछन् -

मलाई त
चौतारामा बसेर राष्ट्रियताको सुस्केरा होइन
सिमानामा उभिएर स्वाधीन सास फेर्नु छ
दसगजामा टेकेर उन्मुक्त हाँसो हाँस्नु छ । (थपलिया, २०८०, पृ. ७७)

यसरी प्रस्तुत कविताले मूलतः राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता र परिवर्तनको आवाजलाई बुलन्द गर्न खोजेको हुनाले यस कवितामा पनि सामाजिक परिवर्तनसँग सम्बन्धित क्रान्ति चेतनालाई नै साध्य बनाइएको पाइन्छ ।

वि. सं. २०५६ सालमा लेखिएको 'क्यालेन्डर' कविता पनि युगीन चेतनासँग नै सम्बन्धित रहेको छ। यस कवितामा समय परिवर्तन भए पनि हत्या, हिंसा एवम् कुशासनको अन्त्य नभएकामा कविले आक्रोश व्यक्त गरेका छन् । कवितामा तत्कालीन सन्त्रासपूर्ण कालिक परिवेशलाई मूलभूत रूपमा चित्रण गरिएको छ । क्यालेन्डरका प्रत्येक पानामा हत्या, हिंसा, घटना, दुर्घटना, संवेदना, अशान्ति, निरर्थकता, आडम्बरजस्ता कुराहरू मात्र पाइएका कथनका माध्यमबाट वर्षभरि कुनै प्रगति, उन्नति तथा शान्तिका कामहरू हुन नसकेको निराशावादी अभिव्यक्तिलाई यस कवितामा प्रस्तुत गरिएको छ । वर्तमान समय दीनहीन भए पनि आगामी दिनमा भने हर्षोल्लासपूर्ण हुनेमा कवि आशावादी रहेका छन्। अबको क्यालेन्डरमा विवाह, व्रतबन्ध र जात्रा पर्वका साइतहरू मात्र नराखी अहिंसा, शान्ति र सदाचारको उद्घोष तथा सङ्कल्प पनि समावेश हुनुपर्ने विचारका माध्यमबाट कविले अबका दिनमा धार्मिक, सांस्कृतिक मूल्यमान्यतासँगै समाज र राष्ट्रको विकासका लागि हरेक नागरिक सक्रिय रहनुपर्ने विचारका माध्यमबाट यस कवितामा पनि क्रान्ति चेतनासँग सम्बन्धित भावलाई नै प्रस्तुत गरिएको पाइन्छ ।

वि. सं. २०५७ सालमा रचना गरिएको 'मैले श्रीलङ्का देखेँ' प्रकृति सम्पदाले सुसज्जित भईकन पनि राजनीतिक कारणले गर्दा छिन्नभिन्न हुँदै गएको श्रीलङ्काको तत्कालीन अवस्थाको वर्णन गरिएको कविता हो। कवितामा स्वतन्त्रताका नाममा अराजकता र आतङ्क व्याप्त भएको तथा विखण्डनको त्रासले सशङ्कित भएको श्रीलङ्काको चित्रणका माध्यमबाट नेपालको तत्कालीन अवस्थालाई ध्वनित गर्न खोजिएको देखिन्छ । श्रीलङ्काको तत्कालीन परिस्थितिका अभिव्यक्तिका माध्यमबाट नेपालको वस्तु यथार्थलाई ध्वनित गर्नु यस कविताको विशिष्ट पक्ष हो । कविले श्रीलङ्काको तत्कालीन अवस्थालाई समग्रतामा यसरी चित्रण गरेका छन् :

सबै कुरा छन् तर सबै अस्तव्यस्त देखेँ
जे देखेँ त्यही लेखेँ जे लेखेँ त्यही देखेँ
जताततै घात, आघात, विश्वासघात र शङ्कैशङ्का देखेँ
युद्ध, वार्ता र सम्झौताको द्वन्द्वमा गुज्रिरहेको श्रीलङ्का देखेँ । (थपलिया, २०८०, पृ. ९५)

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

वि. सं. २०६२ सालमा रचना गरिएको 'बुढो घर' राजतन्त्रात्मक शासनव्यवस्थाको अन्त्यको कामना गरिएको कविता हो । यसमा अँध्यारो अधिनायकवादको खास्टो ओढेर देश निदाइरहेका बेला आस्था, विश्वास र सम्मानको इन्जिनियरिङमा बनाइएको भएपनि पारिवारिक निरङ्कुशताका कारण घर जीर्ण, बुढो र जर्जर भएको कथनका माध्यमबाट राजतन्त्रात्मक शासन व्यवस्थाका कमजोरीहरूलाई केलाइएको छ । कवितामा राजतन्त्रका विसङ्गतिहरूलाई यसरी चित्रण गरिएको पाइन्छ :

मान्छेका रगतका टाटाहरू छन् भित्ता र सिलिङमा
गोलीका दागहरू देखिन्छन् ठाउँ ठाउँमा
धमिरा लागेको छ बुर्बुर्ती धुलो खस्छ
पुराना अवशेष ढाकछोप गरेर आँखा छल्न खोजे पनि
भित्रभित्रै मक्किसकेको छ घर । (थपलिया, २०८०, पृ. १२९)

यसरी कवितामा राजतन्त्रात्मक शासन व्यवस्था देश र जनताका लागि हितकर नभएकाले यसलाई समाप्त गर्नैपर्ने विचारको अभिव्यक्तिका साथ यसको समाप्तिका लागि क्रान्ति हुनुपर्ने विचार व्यक्त गरिएको छ ।

वि. सं. २०६३ सालमा रचना गरिएको 'अँध्यारो रातको अवसान' कवितामा पनि राजतन्त्रको समाप्तिसँग सम्बन्धित विषयलाई प्रस्तुत गरिएको छ। राजतन्त्रका अवधिमा देशमा भएका अनाचारमाथि कविताले चोटिलो व्यङ्ग्य प्रहार गर्दै अँध्यारो रातको अवसानको कामना गरेको छ । अँध्यारो रातमा जताततै अनैतिकता, अकर्मण्यता, अन्याय, अत्याचार, अविश्वास, असत्य, अनर्थ, हिंसा, षड्यन्त्र, शोषण, दमन, अमानवता तथा अराजकता बढेको सन्दर्भलाई कवितामा चर्चा गरिएको छ । शासकहरूको अन्धोपनमाथि कविताले चोटिलो व्यङ्ग्य प्रहार गरेको देखिन्छ । कविले यसरी अँध्यारो रात अर्थात् राजतन्त्रात्मक व्यवस्थामा सत्ताधारीहरूको षड्यन्त्र मौलाइरहे पनि त्यसका विरुद्धमा क्रान्ति भएकाले अँध्यारो युगको अवसान भएको विचार यसरी प्रस्तुत गरेका छन् :

उठेका छन्
परिवर्तन र समानता खोज्नेहरू
जुटेका छन्
मानवता र पहिचान बुझ्नेहरू
घामको सन्देश लिएर नयाँ बिहानी बिउँझिएको छ। (थपलिया, २०८०, पृ. १३७)

*म गाउँ फर्किन्छु* कवितासङ्ग्रहका उल्लिखित कविताहरू वि. सिं. २०४० देखि २०६३ सम्मको नेपालको राजनीतिक विकासको समीक्षणसँग सम्बन्धित छन् । यी कविताले समतायुक्त, विकासशील प्रजातान्त्रिक व्यवस्थाका लागि क्रान्तिको अपेक्षा गरेका छन् । समाज विकासमा आएका अवरोधप्रति यी कविताले आक्रोश व्यक्त गर्दै मूलतः क्रान्तिचेतनामा आधारित कविनिष्ठ भावलाई प्रस्तुत गरेका हुनाले क्रान्तिचेतनासँग सम्बन्धित भावसौन्दर्य यी कविताको प्रमुख पक्ष बनेको छ। यी कवितामा क्रान्तिचेतनामूलक भावको अभिव्यञ्जनाका सन्दर्भमा चिन्ता, ग्लानि, हर्षलगायतका भावहरूको यथोचित विन्यास पनि भएकै देखिन्छ । थपलियाले यस धारका कविताको रचना गर्दा विविध विषयवस्तुको प्रयोग गरे पनि सिङ्गो राष्ट्रप्रतिकै प्रेमभावलाई मूल मर्म बनाएका छन् । यस किसिमको देशभक्तिपूर्ण प्रणयभावको अभिव्यञ्जना वाच्यका तहमा नभई व्यङ्ग्यका तहमा मात्र भएको पाइन्छ । यी कवितामा यो राष्ट्रविषयक प्रणयभावको व्यञ्जना प्रधान रूपमा नभई गौण भएर आएको हुनाले राष्ट्रविषयक रतिभाव गुणीभूत व्यङ्ग्यका तहमा रही स्वतन्त्रता, अग्रगमनमा आधारित क्रान्तिचेतनासँग सम्बन्धित भावकै प्राधान्य रहेको पाइन्छ ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

**रतिरागात्मक प्रणयभाव**

*म गाउँ फर्किन्छु* कवितासङ्ग्रहका 'मायाको परिभाषा', 'साथ छुटेपछि', 'जब देखेँ तिमीलाई', 'नव यौवनासँग आत्मालाप', 'कुमारी सपना', 'दोबाटोमा उभिएर', 'तिम्रो प्रतीक्षामा' तथा 'सुहागरात' कवितामा युवासुलभ रतिरागात्मक प्रणयचेतनाको अभिव्यक्ति भएको छ । यी कवितामा कविले वियोगजन्य प्रणयभाव र संयोगजन्य प्रणयरागलाई कलात्मक अभिव्यक्ति दिएको पाइन्छ । 'मायाको परिभाषा' तथा 'साथ छुटेपछि' कविताले वियोगजन्य प्रणयभावलाई सशक्तताका साथ उठाएका छन्। प्रेम सागरमा पौडदै जीवन गतिशील बनाइरहेका बेला प्रेमिकासँग बिछोड हुनु परेपछिका भावहरू कवितामा यसरी व्यक्त भएका छन् :

अब कसलाई देखाऊँ ?
तिम्रो यादमा बगेर रित्तिएका परेला
तिमीलाई खोज्दा खोज्दै थाकेका आँखा
तिम्रो अनुपस्थितिमा बाँझो बसेको मन । (मायाको परिभाषा)

प्रेमिकासँग वियोग भए पछि प्रेमिकाकै यादमा घाइते भएको मन लिएर प्रतीक्षारत रहेको कथ्यका माध्यमबाट प्रेम शाश्वत् हुने प्रणयवादी दर्शनलाई यस कवितामा प्रस्तुत गरिएको पाइन्छ ।'साथ छुटेपछि' कविताले पनि यही किसिमको वियोगजन्य प्रणय शोकलाई प्रस्तुत गरेको छ। आफ्नी प्रेमिकासँग बिछडिनु परे पनि अबको जीवन उनकै यादमा समर्पण गरी प्रेमलाई आदर्श बनाउने विचार यस कवितामा व्यक्त भएको छ ।'जब देखेँ तिमीलाई', 'नव यौवनासँग आत्मालाप', 'कुमारी सपना', 'दोबाटोमा उभिएर', 'तिम्रो प्रतीक्षामा', 'सुहागरात' जस्ता उनका कविताहरू विशुद्ध सम्भोग शृङ्गारमा केन्द्रित छन् । यी कवितामा युवासुलभ यौनआवेग एवम् प्रणयरागलाई प्रस्तुत गरिएको पाइन्छ। यस किसिमका प्रणयभावको अभिव्यक्तिलाई निम्नअनुसारका साक्ष्यका माध्यमबाट स्पष्ट पार्न सकिन्छ :

क. जब देखेँ तिमीलाई
तिमी पोखियौ मनको मझेरीमा आएर
पर्दा उग्रियो सङ्कोचको
अनुभूति हरायो लज्जाको । (जब तिमीलाई देखेँ)

ख. छातीमा हार्दिकताको कामना बोकेर
एक हुल रहरहरू भेट्न आउँछु म
हृदयमा पिरतीको भाका सजाएर
एक बथान खुसीहरू मेट्न आउँछु म । (नव यौवनासँग आत्मालाप)

ग. एकैचोटि पोखियो हाम्रो
मौन प्रसन्नता
न्यानो आत्मीयता
थाहै भएन कतिबेला पग्लियो मनको हिउँ
कतिबेला पोखियो तनको तिर्खा । (सुहागरात)

यी सम्भोग शृङ्गारजन्य प्रणयचेतना अभिव्यक्ति भएका कवितामा विशेषतः व्यञ्जनात्मक कविता कौशलका माध्यमबाट रति स्थायीभावलाई अभिव्यक्त गरिए पनि उपयुक्त विभावादिको विन्यासका अभावका कारण भावकै अवस्थामा व्यञ्जना गरिएको पाइन्छ ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

**मानवीय जीवनका विविध पक्षमाथिको पर्यवेक्षण**

*म गाउँ फर्किन्छु* कवितासङ्ग्रहका 'ओभरसियर', 'अनुत्तरित प्रश्न', 'मान्छे मान्छे नै हुन्छ', 'समय र मान्छे', 'आमा सन्तान र सम्झना' 'मृत्युलाई सलाम', 'दशैँ र अनुभूति' जस्ता कवितामा मानवीय जीवनका विविध पक्षसँग सम्बन्धित भावविचारको अभिव्यक्ति रहेको पाइन्छ । यी कविताहरूमध्ये 'ओभरसियर' आफ्नो पेसाप्रति प्रतिबद्ध र कर्तव्यनिष्ठ व्यक्तिको आँखाबाट देखिएका विसङ्गतिहरूको अभिव्यक्तिसँग सम्बन्धित कविता हो। यसमा तल्ला तहको पेसामा रहेका व्यक्तिको जीवन भोगाइलाई एकातिर प्रस्तुत गरिएको छ भने अर्कातिर समाजमा मौलाउँदो घुसखोरी प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको छ। श्रमजीवीहरू आफू श्रम गर्छन् तर उनीहरू नै भोकै रहन्छन् भन्ने कथ्यलाई यस कवितामा प्रस्तुत गरी निम्न वर्गीय व्यक्तिको पीडाबोधलाई अभिव्यक्त गरिएको छ । ओभरसियरले बाँचिरहेको जीवनलाई प्रतिनिधि बनाएर यस कविताले निम्न वर्गले भोग्नुपरेका समस्याहरूको उठान गरेको तथ्यलाई निम्नअनुसारका साक्ष्यका माध्यमबाट स्पष्ट पार्न सकिन्छ :

घर बनाउँछ डेरामा बस्छ
पुल बनाउँछ तुइनमा तर्छ
सडक बनाउँछ पैदल हिँड्छ
बिजुली बनाउँछ टुकीको उज्यालोमा रमाउँछ
कुवाको पानीले निर्वाह गर्छ
बसेर थाक्नेहरू धेरै छन्
ऊ थाकेर बस्छ।(थपलिया, २०८०, पृ. २७)

ओभरसियरकै आँखाबाट प्रस्तुत कवितामा विभिन्न योजना सञ्चालन गर्दा हुने घुसखोरी प्रवृत्तिलाई पनि पर्यवेक्षण गरिएको छ । एकमा एक जोड्दा एकै हुने, एकमा एक घटाउँदा एकै रहने, एकले एकलाई भाग गर्दा एकै भाग शेष आउने उपभोक्ता समितिको विचित्र हिसाब हेरेर ओभरसियर आजित भएको कथनका माध्यमबाट प्रस्तुत कवितामा यस किसिमको घुसखोरी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । यस तात्पर्यमा सामान्य तहको कर्मचारीको जीवन भोगाइसँग सम्बन्धी अनुभूति र घुसखोरी सामाजिक प्रवृत्तिप्रतिको असन्तुष्टिसँग सम्बन्धित व्यङ्ग्यभाव यस कविताको मुख्य भावसौन्दर्य हो ।

यस सङ्ग्रहको 'अनुत्तरित प्रश्न' कवितामा चाहिँ जात, धर्म, भेष, भूगोल, राष्ट्र आदिका नाममा मान्छे किन विभक्त भएको होला भन्ने जिज्ञासा राखिएको छ । मानव विखण्डित हुन नहुने विचारलाई प्रस्तुत गरिएको यस कवितामा विशुद्ध मानवतावादी विचारको अभिव्यक्ति रहेको पाइन्छ । कवितामा मान्छे आफू आफूमा विभाजन भएको स्थितिप्रति कवि यसरी विस्मय प्रकट गरिरहेका छन् । यही किसिमको विभाजित मानवीयतासँग सम्बन्धित विषयको अभिव्यक्ति 'मान्छे मान्छे नै हुन्छ' कवितामा पनि भएको देखिन्छ । प्राकृतिक रूपमा मान्छे एकै भए पनि मान्छेलाई खाना, नाना र छानाले विभाजनमा ल्याएकामा कवि चिन्तामा परेका छन् ।उनी मान्छेलाई ब्रह्माण्डकै सर्वोच्च शक्तिका रूपमा हेर्दछन् । उनी भन्छन् :

मान्छेको भाग्यनिर्माता मान्छे आफैँ होइन र ?
मान्छेको परिचालनको खातिर बनाएको
नागरिकता र राहदानी
नाम, थर र बतन

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

परिचयपत्रको विवरण

विभेद घोकाउने पाठ्यपुस्तक होइन र ? (थपलिया, २०८०, पृ. ७०)

मानव मानवमा विभेद हुन नहुने मुख्य विचारलाई सम्प्रेषण गरिएको यस कविताले जहाँ जहिले जसरी रहे पनि मान्छे मान्छे नै हुन्छ भन्ने निचोडलाई प्रस्तुत गरी मति भावको अभिव्यञ्जना गरेको छ । यसै गरी प्रस्तुत सङ्ग्रहको 'समय र मान्छे' कविता पनि मानवीय अस्तित्वसँग जोडिएको छ । कवितामा मान्छेले आफूलाई चिन्दै समयको गतिशीलतालाई बुझेर अगाडि बढ्नुपर्ने विचार प्रस्तुत भएको छ ।समयसँगै मान्छे गतिशील हुनुपर्ने विचारलाई प्रस्तुत गरिएको यस कवितामा पनि मति भावलाई नै प्रमुखताकासाथ प्रस्तुत गरिएका सन्दर्भलाई निम्नअनुसारका साक्ष्यका माध्यमबाट स्पष्ट पार्न सकिन्छ :

समयले चिन्दैन मान्छेलाई
मान्छेले चिन्नुपर्छ समय
समय हिँड्दैन मान्छेसँग
मान्छे हिँड्नुपर्छ समयसँगै
समयले खोज्दैन मान्छेलाई
मान्छेले खोज्नुपर्छ समयलाई । (थपलिया, २०८०, पृ. ८६)

यस सङ्ग्रहको 'आमा सन्तान र सम्झना' मातृत्वको महिमागान गरिएको कविता हो। यस कवितामा सन्तानप्रतिको आमाको त्याग, समर्पण र वात्सल्यलाई प्रस्तुत गर्दै अभिधाका तहमा जननीप्रतिको प्रणयभावलाई र व्यञ्जनाका तहमा मातृभूमिप्रतिको हार्दिकतालाई अभिव्यक्त गरिएको छ । कवितामा आमाले आफू भोकै रहेर पनि सन्तानको स्नेहमा आफूलाई समर्पण गर्नेगरेको तथ्यका माध्यमबाट मातृवात्सल्यको उदात्त रूपलाई प्रस्तुत गरिएको छ । कवितामा मातृत्व शक्तिको महिमागानका साथ आमाको मुहार हँसाउन सन्तानले गर्नुपर्ने कर्तव्यका बारेमा समेत स्पष्ट पारिएको छ। कविताले व्यञ्जनाका तहमा भने राष्ट्रप्रतिको नागरिकको जिम्मेवारीलाई प्रस्तुत गरी राष्ट्रभक्तिपरक प्रणयभावलाई अभिव्यक्त गरेको पाइन्छ :

तिम्रो हृदयको गहिराइमा शान्तिको आभास दिनुछ
छ तिम्रो मनको आकाशमा उन्मुक्तिको निःश्वास छोड्नुछ
तिम्रो रित्तो पोल्टामा खुसीको भारी कहिले खन्याऊँ ?
तिम्रो दुःखको संसारमा सुखको प्रवेश कहिले गराऊँ ? (थपलिया, २०८०, पृ. १०१)

यस सङ्ग्रहको 'मृत्युलाई सलाम' विसङ्गतिवादी चिन्तनले भरिएको कविता हो। वि. सं. २०५८ सालमा लेखिएको यस कवितामा मृत्युलाई शाश्वत् सत्यका रूपमा चिनाइएको छ भने जीवनलाई निरर्थक र व्यर्थ चिजका रूपमा हेर्न खोजिएको छ :

आमाको सुरक्षित गर्भाशयबाट निस्कनासाथ
असुरक्षाको चक्रव्युहमा फसेको मान्छे
निस्कन खोज्दा खोज्दै चुपचाप मृत्युवरण गर्छ
नियतिले बाध्यताले इच्छाले
सायद मृत्युप्रतिको समर्थन हो यो
लाग्छ हामी विसङ्गत बाटोमा नपुंसक खुसीका जुलुस बोकेर

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

मृत्यु यात्रामा लाम लागिरहेका छौँ । (थपलिया, २०८०, पृ. १०१)

कवि हामीले जतिसुकै स्वतन्त्र हुन खोजे पनि मृत्युसँग पराजित छौँ भन्ने विचारलाई यस कवितामा प्रस्तुत गर्दछन् । यहाँ मूलतः जीवनका विसङ्गतिको प्रस्तुतिका माध्यमबाट निर्वेद भावको अभिव्यञ्जना गरिएको देखिन्छ । जीवन भन्नु सृष्टिको अस्थायी सिर्जना मात्र हो भन्ने भाव व्यक्त गरिएको यस कविताले मूलतः मान्छेको आत्मपराजय, व्यर्थता र शून्यतालाई प्रस्तुत गरी निर्वेद भावलाई ध्वन्यात्मक तहमा परिपुष्ट बनाएको देखिन्छ ।

*म गाउँ फर्किन्छु* कवितासङ्ग्रहको 'दसैँ र अनुभूति' सांस्कृतिक विखण्डनलाई विषयवस्तु बनाइएको कविता हो । यसमा हाम्रा परम्परागत मूल्यमान्यताको विघटन हुँदै गएकोमा चिन्ता प्रकट गरिएको छ । कविताले दसैँ मनाउने नाममा बढेको विसङ्गतिप्रति व्यङ्ग्य गर्दै दसैँलाई आपसी सद्भावको पर्वका रूपमा मनाउँदै जानुपर्ने विचार अगाडि सारेको देखिन्छ । कविको यस किसिमको विचारलाई निम्नअनुसारका पङ्तिहरूले स्पष्ट रूपमा व्यक्त गरेका छन् :

मलाई आडम्बरको खानदानी दसैँ होइन
अस्वस्थ प्रतिस्पर्धाको आधुनिक दसैँ पनि होइन
हाम्रो आफ्नो सभ्यताको दसैँलाई
हाम्रो आफ्नै औकात र परिवेशमा
अझै व्यापकता थपेर स्थापित गर्न मन लागेको छ । (थपलिया, २०८०, पृ. १२१)

मूलतः यस कविताले आफ्नो सांस्कृतिक सभ्यताप्रतिको अनुरागलाई अभिव्यक्त गर्दै सांस्कृतिक चेतनासम्बन्धी भावको अभिव्यञ्जनालाई साध्य बनाएको देखिन्छ ।

यसरी प्रस्तुत कवितासङ्ग्रहका केही कविताले भने मानवता, मानवीय जिजीविषा, मृत्युजन्य संवेदना, सांस्कृतिक विखण्डनजस्ता कुरालाई विषय बनाएका छन् । यी कविताले विषेशतः विविध मानवीय मूल्यसँग सम्बन्धित रहेर मान्छेका आदर्श मूल्यसँग सम्बन्धित भावलाई अभिव्यक्त गरेको देखिन्छ ।

## निष्कर्ष

कवि दिनेश थपलियाको *म गाउँ फर्किन्छु* जन्मभूमिप्रतिको प्रेम, क्रान्तिचेत, यौनआकर्षणजन्य प्रणयराग तथा मानवीय जीवनका विविध पक्षमाथिको आदर्श भावको अभिव्यञ्जना भएका कविताहरूको सङ्ग्रह हो । यसमा कविले आफ्नो जन्मभूमि सङ्खुवासभा जिल्ला तथा खाँदबारीका प्राकृतिक, सांस्कृतिक, धार्मिक महत्त्वको महिमागानका साथ जन्मभूमिबाट टाढा रहँदा आफूमा विकसित भएको मातृभूमि प्रतिको प्रेमलाई कतै प्रत्यक्ष रूपमा त कतै व्यञ्जनाका तहमा प्रस्तुत गरेका छन् । साहित्यशास्त्रमा देवता, गुरु तथा देशभक्तिसँगसम्बन्धित रति वा प्रीतिलाई भावका रूपमा परिभाषित गरिएका सन्दर्भमा यस सङ्ग्रहका 'मेरो प्यारो सङ्खुवासभा', 'म गाउँ फर्किन्छु', 'खाँदबारी' तथा 'गाउँघरलाई सम्झिँदा' कवितामा मातृभूमिप्रतिको प्रणयचेतनासँग सम्बन्धित रतिभाव ध्वनिगत भावसौन्दर्यको अभिव्यञ्जना भएको छ । यस किसिमको रतिभावध्वनिका अभिव्यञ्जनामा यी कवितामा हर्ष, गर्व, स्मृति, चिन्ता, श्रमलगायतका भावहरूले व्यञ्जक एकाइका रूपमा भूमिका खेलेका छन् ।

यस सङ्ग्रहका करिब आधा कवितामा भने २०४० सालदेखि २०६३ सालसम्मका नेपालका राजनीतिक विकासका पृष्ठभूमिमा देशको अवस्थाको समीक्षा गरिएको पाइन्छ । यी कवितामा राजनीतिक परिवर्तनलाई सकारात्मक रूपमा ग्रहण गर्दै हर्षभावको व्यञ्जना गरिएको पाइन्छ भने अपेक्षित उपलब्धि हासिल नहुँदा निराशा एवम् चिन्ता भावको अभिव्यक्ति रहेको देखिन्छ । यी सबैजसो कवितामा देशको उन्नति, प्रगति तथा समृद्धिको कामना

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

गरिएको छ भने सामाजिक रूपान्तरणका लागि क्रान्तिको आह्वान गरिएको छ । यस तात्पर्यमा यी कवितामा क्रान्तिकारी भावको अभिव्यञ्जनासँगै राष्ट्रप्रेमसँग सम्बन्धित भावको ध्वन्यात्मक रूपमा अभिव्यञ्जना गरिएको पाइन्छ । यस सङ्ग्रहका केही कवितामा भने कविको युवासुलभ प्रणयभावको अभिव्यक्ति पाइन्छ । यी कवितामा प्रायः सम्भोग तथा विप्रलम्भ शृङ्गारिक भावको अभिव्यक्ति रहेको छ । 'मायाको परिभाषा', 'साथ छुटेपछि', 'जब देखें तिमीलाई', 'नव यौवनासँग आत्मालाप', 'कुमारी सपना', 'दोबाटोमा उभिएर', 'तिम्रो प्रतीक्षामा' तथा 'सुहागरात' यस किसिमको प्रणय भावको अभिव्यञ्जना भएका कविता हुन् ।यी कवितामा रतिभावले शृङ्गार रसको परिपाकपूर्ण अवस्थालाई पुष्ट गर्न नसके पनि भावगत सौन्दर्यका रूपमा भने आफूलाई स्थापित गरेको पाइन्छ ।यस सङ्ग्रहका अन्य कतिपय कवितामा भने मानवीय जीवनका विविध अनुभूतिहरूलाई अभिव्यञ्जन गर्ने सन्दर्भमा कविका मति, गर्व एवम् सामाजिक विसङ्गतिप्रतिको विरोधजन्य व्यङ्ग्यभावको अभिव्यक्ति रहेको पाइन्छ । यस सङ्ग्रहका उल्लिखित कवितामा कविले आफ्नो वैचारिक चिन्तनलाई भावअधीनस्थ बनाई कलात्मकताका साथ प्रस्तुत गरेका छन् । कवितामा विचारको भन्दा अनुभूति वा भावकै प्राधान्य महत्त्वपूर्ण रहन्छ भन्ने कुरामा कवि अत्यन्तै सचेत देखिन्छन् । यही कारणले गर्दा भावलाई व्यञ्जनाका तहमा कलात्मकताका साथ प्रस्तुत गर्न यस सङ्ग्रहका कविताहरू सक्षम देखिन्छन् । यसर्थ जन्मभूमिप्रतिको प्रीति वा रति, क्रान्तिचेत, शृङ्गारमूलक प्रणयचेतका साथै अन्य विविध भावको कलात्मक परिपाक यस सङ्ग्रहको विशिष्ट प्राप्ति बनेको देखिन्छ ।

## सन्दर्भसामग्री


अभिनवगुप्त (सन् २००९), *ध्वन्यालोकः* श्रीमदभिनवगुप्तपादविरचित 'लोचन' सहित, जगन्नाथ पाठक (व्या.), चौखम्बा विद्याभवन ।

अभिनवगुप्त (२०७२), *अभिनवभारती,* भित्र *नाट्यशास्त्रम्* (द्वितीयो भागः) (द्वि.सं.), भरतमुनि, पद्ममाकर मिश्र ।

अवस्थी, महादेव (२०६४) , *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,* इन्टलेक्च्युअल्ज बुक प्यालेस ।

त्रिपाठी, वासुदेव, सुवेदी, केशव र न्यौपाने, दैवज्ञराज (२०६५), *नेपाली कविता भाग–४* (पाँ.सं.), साझा प्रकाशन ।

थपलिया, दिनेश (२०८०), *म गाउँ फर्किन्छु,* साझा प्रकाशन ।

पाठक, जगन्नाथ (व्या.) (सन्२००९), *ध्वन्यालोकः*,चौखम्बा विद्याभवन ।

भरतमुनि (२०७२), नाट्यशास्त्रम् (द्वितीयो भागः) (द्वि.सं.), पद्ममाकर मिश्र ।

मम्मट, (सन् २००७), *काव्यप्रकाशः* (पु.मु.सं.), सत्यव्रत सिंह (व्या.), चौखम्बा विद्याभवन ।

विश्वनाथ (सन् २००७), *साहित्यदर्पणः* (पु.मु.सं.), सत्यव्रत सिंह (व्या.), चौखम्बा विद्या भवन ।


*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*